# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०८।१२ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------

सब डिभिजन वन कार्यालय, नेपालटार, उदयपुरमा कार्यरत सहायक वन अधिकृत सत्य नारायण साह रौनीयारले सामुदायिक वन उपभोक्ता समितिको काठ लगत गरी घाटगद्दी समेत गरी सकेकोमा घाटगद्दीमा रहेको काठको टुनटुक्राको घाटगद्दी मिलाई दिने बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीवासबाट खटिई गएको टोलीले निजलाई रु.६०,०००।-(साठी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.६०,०००।-(साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता